प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुर

## औद्योगिक प्रशिक्षार्थी (Apprenticeship) तालीम कार्यक्रममा निःशुल्क प्रशिक्षणका लागि आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७७।०६।२३)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट सञ्चालित दिगो तथा सम्मानित रोजगारीका लागि सीप (ENSSURE) परियोजनाबाट **निःशुल्क** सञ्चालन गरिने प्रि–डिप्लोमा (साविक प्राविधिक एस.एल.सी.) तहको २४ महिना अवधिको **औद्योगिक प्रशिक्षार्थी (Apprenticeship) तालीम** तपसिल बमोजिमका शैक्षिक कार्यक्रम तथा कोटाहरूमा निम्न सर्तहरूको अधिनमा रही शैक्षिक सत्र २०७७/०७८ मा भर्नाका लागि परिषद् कार्यालयबाट औद्योगिक प्रशिक्षार्थी तालीम कार्यक्रम संचालन अनुमति प्राप्त देहायका आंगिक, साझेदार, तथा TECS सामुदायिक विद्यालयहरूमा प्रशिक्षार्थी छनौट गरी भर्ना गर्नका लागि तपसिल बमोजिम योग्यता पुगेका व्यक्तिहरूबाट आवेदन फाराम भर्न भराउनु हुन सम्बन्धित शिक्षण संस्था एवं सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

**१. आवश्यक शैक्षिक योग्यताः**

क. अक्षराङ्कन पद्धति लागु हुनु पूर्वका प्रवेशिका परीक्षाको हकमाः एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण ।

ख. अक्षराङ्कन पद्धतिको नतिजाको हकमाः मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा वा SEE परीक्षामा न्यूनतम E ग्रेड प्राप्त ।

**२. परीक्षार्थी छनौटको आधारः**

क) आवेदकहरूको अन्तिम छनौट SLC वा SEE को प्राप्ताङ्क र अन्तरवार्ता बाट हुनेछ । SLC वा SEE को प्राप्ताङ्कको अङ्कभार ५० प्रतिशत र अन्तरवार्ताको अङ्कभार ५० प्रतिशत हुनेछ । भर्ना प्रकृयामा सिफारिस हुनको लागि SLC वा SEE को प्राप्ताङ्क र अन्तवार्ताको प्राप्ताङ्क गरी न्यूनतम ४० अङ्क प्राप्त गरेको हुनुपर्नेछ । योग्यताक्रमको आधारमा तोकिएको कोटा संख्याको आधारमा विद्यार्थी भर्ना गरिनेछ ।

ख) छनौटका लागि SLC वा SEE को प्राप्ताङ्कको आधारमा सम्बन्धित शिक्षालयले मूल्याङ्कन गरी ५० प्रतिशत अङ्क प्रदान गर्नेछ भने उद्योग/व्यवसाय, पनिका, ENSSURE परियोजना र तालीम प्रदायक संस्थाका प्रतिनिधिहरूको सहभागितामा अन्तवार्ता हुनेछ ।

ग) SLC वा SEE को प्राप्ताङ्क र अन्तरवार्ताको प्राप्ताङ्कको आधारमा मुख्य उम्मेदवार र बैकल्पिक उम्मेदवारको सूची तयार गरिनेछ । अन्तिम छनौटमा परेका उमेदवारहरूलाई सार्वजनिक सूचनाद्धारा भर्नाका लागि आवह्नन गरिनेछ । मूख्य उमेदवारबाट भर्ना पुरा नभएमा बैकल्पिक मध्येबाट योग्यताक्रमको आधारमा भर्ना गरिनेछ ।

घ) प्राप्ताङ्क बराबर भएका आवेदकहरूको हकमा SLC/SEE परीक्षाको प्राप्ताङ्कको आधार लिईनेछ र सो पनि बराबर भएमा SLC/SEE परीक्षाका क्रमशः अनिवार्य गणित, विज्ञान र अंग्रेजीको नतिजाको आधारमा योग्यताक्रम निर्धारण गरिनेछ ।

**३. शैक्षिक सत्र २०७७।०७८ का लागि परिषद् कार्यालयबाट औद्योगिक प्रशिक्षार्थी (Apprenticeship) तालीम सञ्चालन अनुमति पाएका शिक्षण संस्थाहरूको नाम, ठेगाना र कार्यक्रमहरूको विवरणः**

| क्र. सं. | शिक्षण संस्थाको नाम र ठेगाना | औद्योगिक प्रशिक्षार्थी तालीम कार्यक्रम | कोटा संख्या | शिक्षण संस्थाको प्रकार |
|---|---|---|---|---|
| १. | श्री मनमोहन स्मृति पोलिटेक्निक ईन्स्टिच्यूट, हात्तिमुढा, मोरङ्ग | १) ईलेक्ट्रिकल ईन्जिनियरिङ्ग (एप्रेन्टिसिप) | ४० | साझेदार |
| २. | श्री जनज्योती माध्यमिक विद्यालय, लालबन्दी, सर्लाही | १) ईन्फरमेशन टेक्नोलोजी (एप्रेन्टिसिप) | ४० | TECS सामुदायिक |
| ३. | श्री बछौली माध्यमिक विद्यालय, सौराहा, चितवन | १) होटल म्यानेजमेण्ट (एप्रेन्टिसिप) | ४० | TECS सामुदायिक |
| ४. | श्री पनौती प्राविधिक शिक्षालय, पनौती, काभ्रेपलाञ्चोक | १) अटोमोवाईल इन्जिनियरिङ्ग (एप्रेन्टिसिप) | ४० | आंगिक |
| ५. | श्री बालाजु स्कूल अफ ईन्जिनियरिङ्ग एण्ड टेक्नोलोजी, बालाजु, काठमाडौं | १) ईलेक्ट्रिकल इन्जिनियरिङ्ग (एप्रेन्टिसिप)<br>२) अटोमोवाईल इन्जिनियरिङ्ग (एप्रेन्टिसिप) | ४०<br>२० | आंगिक |
| ६. | श्री मदन आश्रित स्मृति प्राविधिक शिक्षालय, गोठाटार, काठमाडौं | १) होटल म्यानेजमेण्ट (एप्रेन्टिसिप) | ४० | साझेदार |
| ७. | श्री पोखरा प्राविधिक शिक्षालय, पोखरा, कास्की | १) होटल म्यानेजमेण्ट (एप्रेन्टिसिप) | ४० | आंगिक |
| ८. | श्री शान्ति नमुना माध्यमिक विद्यायल, तिलोत्तमा, रूपन्हेही | १) मेकानिकल इन्जिनियरिङ्ग (एप्रेन्टिसिप) | ४० | TECS सामुदायिक |
| ९. | श्री कोरिया नेपाल ईन्स्टिच्यूट अफ टेक्नोलोजी, तामनगर, रुपन्देही | १) मेकानिकल इन्जिनियरिङ्ग (एप्रेन्टिसिप)<br>२) अटोमोवाईल इन्जिनियरिङ्ग (एप्रेन्टिसिप) | २०<br>२० | आंगिक |
| १०. | श्री त्रिभुवन माध्यमिक विद्यालय, कोहलपुर, बाँके | १) ईन्फरमेशन टेक्नोलोजी (एप्रेन्टिसिप) | ४० | TECS सामुदायिक |
| ११. | श्री भेरी प्राविधिक शिक्षालय, नेपालगञ्ज, बाँके | १) मेकानिकल इन्जिनियरिङ्ग (एप्रेन्टिसिप) | ४० | आंगिक |
| १२. | श्री पञ्चोदय माध्यमिक विद्यालय, धनगढी, कैलाली | १) ईलेक्ट्रिकल इन्जिनियरिङ्ग (एप्रेन्टिसिप) | ४० | TECS सामुदायिक |
| १३. | श्री भृकुटी माध्यमिक विद्यालय, भिमदत्तनगर, कञ्चनपुर | १) ईलेक्ट्रिकल इन्जिनियरिङ्ग (एप्रेन्टिसिप) | ४० | TECS सामुदायिक |

**४. आवेदन फाराम साथ पेस गर्नुपर्ने आवश्यक कागजातहरूः**

१) स्पष्ट मुखाकृती देखिने हालसालै खिचिएको पासपोर्ट साईजको ३ प्रति रंगीन फोटो,

२) SLC/SEE वा सो सरहको शैक्षिक योग्यता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी,

३) नेपाल बाहेक अन्य मुलुकबाट SLC/SEE वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेको हकमा नेपाल सरकारले तोकेका निकायद्वारा समकक्षता निर्धारण गरिएको प्रमाणित प्रतिलिपि ।

४) नेपाली नागरिकता प्रमाणपत्र वा जन्म दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।

**५. छनौट प्रकृया सम्बन्धी कार्यक्रमः**

क. आवेदन फाराम वितरण गर्ने मिति : २०७७ आश्विन २३ गते देखि ।

ख. आवेदन फाराम पाउने र बुझाउने स्थान : सम्बन्धित संस्थाहरू/परिषद्को वेभसाइट www.ctevt.org.np बाट डाउनलोड गरी फाराम भर्न सकिनेछ ।

ग. आवेदन फाराम बुझाउने अन्तिम मिति : २०७७ कार्तिक २१ गतेसम्म ।

घ. अन्तरवार्ता हुने मिति र समय : २०७६ कार्तिक २६, गते बुधबार बिहान ८.०० बजे ।

ङ अन्तरवार्ता संचालन हुने केन्द्रहरू : सम्बन्धित शिक्षण संस्थाहरु ।

**नोटः** विद्यार्थी छनौट प्रकृयामा सफल गराई अध्ययनको अवसर प्रदान गराई दिन्छु भनी झुट्टा आश्वासन तथा भ्रम पैदा गराई कोही कसैले अनुचित प्रभाव पार्न खोजेमा त्यसप्रति पुर्ण सचेत रही प्रशिक्षार्थी छनौट प्रकृया मर्यादित एव निष्पक्ष रूपमा संचालन गर्न गराउन सम्बन्धित बिद्यार्थी, अभिभावक र सरोकारवालाहरूमा हार्दिक अनुरोध गरिन्छ । साथै अन्य जानकारी आवश्यक परेमा आफुले अध्ययन गर्न चाहेको सम्बन्धित शिक्षण संस्था वा परिषद्का प्रदेश कार्यालयहरूः इटहरी-सुनसरी, जनकपुर-धनुषा, हेटौंडा-मकवानपुर, पोखरा-कास्की, बटवल-रूपन्देही, वीरेन्द्रनगर-सुर्खेत, धनगढी-कैलाली र परिषद्को परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरमा सम्पर्क राख्नुहुन सूचित गरिन्छ ।

यस सूचना **CTEVT** को वेभसाईट **www.ctevt.org.np** मा पनि हेर्न सकिनेछ ।

**परीक्षा नियन्त्रक**